# कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७४।१२।२९

**प्रस्तावनाः**

माङसेबुङ गाउँ कार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत निजामती र स्थानीय तहका कर्मचारीहरुबाट सम्पादन हुने सेवा प्रवाहमा पारदर्शीता कायम गर्न कार्यक्षमता, कार्यदक्षता र व्यबसायिकतामा बृद्धि गरी सेवामा गुणस्तरियता अभिबृद्धि गर्ने कार्यमा सहयोग पुर्याउन साथै भौगोलिक विकटताले गर्दा कर्मचारी आउन नमानी रहेको अवस्थामा थप कर्मचारीलाई आर्कषित गर्न तथा भएका सीमित कर्मचारीहरुलाई अत्तिरिक्त जिम्मेवारी दिई अतिरिक्त समय परिचालन गर्न बान्छनिय देखिएकोले गाउँ सभाको मितिः २०७४ असोज ३१ गतेको निर्णय मुताविक गाउँ कार्यपालिकाबाट कर्मचारी **कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७४** पारीत गरी लागु गरिएको छ ।

१.(क) यो कार्यविधिको नाम कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि २०७४ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) कर्मचारी भन्नाले गाउँ कार्यपालिका तथा वडा कार्यालयमा दरवन्दीमा कार्यरत स्थायी तथा करार कर्मचारीलाई बुझिने छ । साथै सो शब्दले वडा सचिवको रुपमा कार्यरत विषयगत शाखा वा इकाईका कर्मचारी समेतलाई बुझाउने छ ।

(ख) गाउँपालिका भन्नाले माङसेबुङ गाउँपालिकालाई बुझाउने छ ।

(ग) वडा कार्यालय भन्नाले माङसेबुङ गाउँपालिकाको वडा कार्यालयलाई बुझाउने छ ।

(घ) वडाध्यक्ष भन्नाले माङसेबुङ गाउँपालिका वडा कार्यालयको वडाध्यक्षलाई बुझाउने छ ।

(ङ) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई बुझाउने छ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतलाई बुझाउने छ ।

(ज) भत्ता भन्नाले कर्मचारी प्रोत्साहन भत्तालाई बुझाउने छ ।

(झ) वडा सचिव भन्नाले वडा कार्यालयमा सचिवको काम गर्न तोकिएको कर्मचारी बुझाउने छ ।

(ञ) प्रशासन शाखा प्रमुख भन्नाले गाउँपालिकाको प्रशासनको काम गर्न तोकिएको कर्मचारीलाई बुझाउने छ ।

३. गाउँ कार्यपालिका तथा वडा कार्यालयका दरबन्दीमा कार्यरत स्थायी कर्मचारीहरु तथा गाउँ कार्यपालिकामा कार्यरत करार कर्मचारीहरुको हकमा सुचना प्रबिधि अधिकृत, सिभिल इन्जिनियर र कम्प्युटर अपरेटर समेतले प्रोत्साहन भत्ता पाउनेछन् ।

४. मापदण्ड र अंकभारः- गाउँ कार्यपालिका तथा वडा कार्यालयमा कार्यरत निजामती सेवा तथा साबिकका स्थानीय निकायका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता प्रदान गर्नका लागि देहाय बमोजिमको मापदण्ड अनुसार १०० प्रतिशत अंकभार कायम गरी बढीमा सुरु तलब स्केलको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।सोको लागि अनुसुची १ बमोजिमको फारम प्रयोग गरिनेछ ।

५. कर्मचारीको मुल्यांकनको भार उपदफामा उल्लेख भए बमोजिम हुनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृतको सम्बन्धमा

गाउँपालिका अध्यक्षले दिने १०० अंक

ख. गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीको सम्बन्धमा

गाउँपालिका अध्यक्षले दिने ४० अंक

प्रमुख प्रशासकीय अधिकृतले दिने ३० अंक

प्रशासन शाखा प्रमुखले दिने ३० अंक

ग. वडा सचिवको पदमा कार्यरत कर्मचारीको सम्बन्धमा

गाउँपालिका अध्यक्षले दिने ४० अंक

प्रमुख प्रशासकीय अधिकृतले दिने ३० अंक

प्रशासन शाखा प्रमुखले दिने ३० अंक

घ. वडामा कार्यरत अन्य कर्मचारीको सम्बन्धमा

गाउँपालिका अध्यक्षले दिने ४० अंक

प्रमुख प्रशासकीय अधिकृतले दिने ३० अंक

प्रशासन शाखा प्रमुखले दिने ३० अंक

उपदफा ख मा जेसुकै लेखिएको भएतापनि प्रशासन शाखा प्रमुखको पदमा कार्यरत कर्मचारीले आफ्नो मुल्यांकन आफैं गर्ने छैन । सो अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले निजको मुल्यांकन गर्नेछ ।

४ मुल्यांकन बिधिः गाउँ सभाले पारित गरेको पचास प्रतिशत भत्तालाई शत प्रतिशत मानि प्राप्त भारित नम्बरको अनुपातको आधारमा भत्ता उपलब्ध गराइनेछ ।

५ भुक्तानी श्रोतः कर्मचारीलाई आन्तरीक श्रोतबाट भत्ता वितरण गरिनेछ । भत्ता उपलब्ध गराएपछि बांकी रहेमा मात्र आन्तरीक श्रोतको रकम अन्य क्षेत्रमा खर्च गरिनेछ । आन्तरीक श्रोतबाट अपुग भएमा मात्र नेपाल सरकारको वित्तीय समानिकरण अनुदानबाट भत्ता उपलब्ध गराइने छ ।

६ यसै कार्यबिधि बमोजिम भएको मानिनेः मिति २०७४ श्रावण १ गतेदेखि यो कार्यबिधि लागु हुंदा सम्म वितरण गरिएको भत्ता यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

अनुसुची १
नियम ४ संग सम्बन्धित

क. प्रमुख प्रशासकीय अधिकृतको सम्बन्धमाः

कर्मचारीको नाम थरः

पदः

कार्यालयः

| सि नं | मुल्यांकन गर्ने पदाधिकारी | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | १०० | |

ख. गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीको सम्बन्धमा

कर्मचारीको नाम थरः

पदः

कार्यालयः

| सि नं | मुल्यांकन गर्ने पदाधिकारी | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | ४० | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | ३० | |
| ४ | प्रशासन शाखा प्रमुख | ३० | |

ग. वडा सचिवको पदमा कार्यरत कर्मचारीको सम्बन्धमा

कर्मचारीको नाम थरः

पदः

कार्यालयः

| सि नं | मुल्यांकन गर्ने पदाधिकारी | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| २ | गाउँपालिका अध्यक्ष | ४० | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | ३० | |
| ४ | प्रशासन शाखा प्रमुख | ३० | |

घ. वडामा कार्यरत अन्य कर्मचारीको सम्बन्धमा

कर्मचारीको नाम थरः

पदः

कार्यालयः

| सि नं | मुल्यांकन गर्ने पदाधिकारी | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| २ | गाउँपालिका अध्यक्ष | ४० | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | ३० | |
| ५ | प्रशासन शाखा प्रमुख | ३० | |

प्रमाणीकरण मितिः २०७४।१२।२९